फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:- ०७८/७९
चलानी नम्बर:-

मिति:- २०७८/०६/१८

## प्रेसनोट

बजारमा हुनसक्ने कृत्रिम अभाव, कालोबजारी, अस्वभाविक मूल्य वृद्धि, म्याद गुज्रेका सामग्री विक्री वितरण जस्ता क्रियाकलापलाई नियन्त्रण गर्न र कानून विपरितका क्रियाकलापमा संलग्नलाई कानूनी दायरामा ल्याउन सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा संयुक्त बजार अनुगमन समितिद्वारा मिति २०७८-०६-११ गतेदेखि हेटौडा उपमहानगरपालिका लगायत विभिन्न पालिकाहरूमा बजार अनुगमनको कार्य भइरहेको व्यहोरा सबैमा जानकारी गराइन्छ । सो क्रममा विभिन्न खाद्यान्न तथा किराना पसल, औषधी पसल लगायतका अन्य पसलहरू अनुगमन गरिएको र अनुगमनको कार्य निरन्तर चलिरहने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

### अनुगमनको विस्तृत विवरण

| क्र.सं. | अनुगमन बिवरण | पसल संख्या | कारवाहीको बिवरण |
|---|---|---|---|
| १. | खाद्यान्न तथा किराना पसल | ५७ | - मूल्य सूची प्रष्ट देखिने ठाउँमा राख्न, सरसफाई गर्न, ग्राहकलाई बील दिन, मास्क लगाउन तथा भिडभाड नगरी वस्तु तथा सेवा प्रदान गर्न सुझाव दिइएको ।<br>- खरिद बील पेश नगरेको १ पसललाई रु.१५०००/- जरिवाना गरिएको । |
| २. | होटल, रेष्टुरेन्ट लगायत अन्य | २७ | - मूल्य सूची प्रष्ट देखिने ठाउँमा राख्न, सरसफाई गर्न, ग्राहकलाई बील दिन, मास्क लगाउन तथा भिडभाड नगरी वस्तु तथा सेवा प्रदान गर्न सुझाव दिइएको ।<br>- सरसफाई र मूल्यसूची नराखेकोले १ होटललाई रु.१००००/- जरिवाना गरिएको । |
| ३. | औषधी पसल | ११ | - मूल्य सूची प्रष्ट देखिने ठाउँमा राख्न, सरसफाई गर्न, ग्राहकलाई बील दिन, मास्क लगाउन तथा भिडभाड नगरी वस्तु तथा सेवा प्रदान गर्न सुझाव दिइएको ।<br>- फर्मासिष्ट नराखी औषधी विक्री गर्ने १ औषधी पसलमा ताला लगाइएको । साथै १ औषधी पसललाई रू.१५०००/- जरिवाना गरिएको । |

साथै, जिल्लाभित्र उपभोक्ता हित विपरितका क्रियाकलापहरू कहिं कतै भए गरेको पाइएमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा तुरुन्त जानकारी/गुनासो गर्नुहुन समेत जिल्ला प्रशासन कार्यालय, मकवानपुर अनुरोध गर्दछ ।

२०७८/६/१८
गुणराज प्रसाद न्यौपाने
प्रशासकिय अधिकृत